# नवदुर्गा गाउँपालिकाको

*तेस्रो गाउँसभामा*

## प्रस्तुत बजेट तथा कार्यक्रम

२०७५/७६

नवदुर्गा गाउँपालिकाको तेस्र्रो गाउँ सभामा गाउँपालिकाका अध्यक्ष श्री कबिन्द्र बहादुर बिष्ट ज्यूवाट प्रस्तुत बजेट तथा कार्यक्रम २०७५

उपाध्यक्ष ज्यु

गाउसभाका सदस्य ज्युहरु ,

सम्मानित तेस्र्रो गाउँ सभाको यस ऐतिहाँसिक यस नवदुर्गा गाउँपालिकाको आर्थिक बर्ष २०७५।२०७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित महसुश गरेको छु । सर्ब प्रथम देश र जनताका निम्ती ज्यान आहुती गर्नु हुने महान शहिदजन प्रति श्रद्धान्जली अर्पण गर्दै घाईते, अपांगता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा परिवारजन बेपत्ता र तिनका परिवारजनहरुलाइ पुनः स्मरण गर्न चाहन्छु ।

नवदुर्गा गाउँपालिका नेपालको प्रदेश नम्वर ७ डडेल्धुरा जिल्ला स्थित ७ वटा स्थानीय तहहरु मध्ये सदरमुकाम डडेल्धुरा देखि १६ कि.मि पुर्वमा अवस्थित १२९ बर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ जहा १९९७० जनसंख्या को वसोवास रहेको छ । मुख्य पेशाको रुपमा कृषि पशुपालन नै रहेको र विद्यमान राष्टको बढदो बेरोजगारीका कारण विदेशीने युवाहरुको संख्या पनि उल्लेख्य रुपमा रहेको पाइन्छ । प्राय जसो सवै वडा तथा वस्तीहरुमा विपन्न वर्गको वाहुल्यता रहेको न्युन आयस्रोत भएको आफनै उत्पादनले बर्षभरि खान नपुग्ने अवस्था विद्यमान रहेको पूर्वाधारका हिसावले खानेपानी शिक्षा सिचाइ स्वास्थ्य सडक बिजुली वत्ती आदि जस्ता विकासका पूर्वाधारहरुको अभावका विच बाट गुज्रिएको तितो यर्थात रहेको छ ।

शिक्षा क्षेत्रमा यस गाउँपालिकामा २८ वटा विद्यालय रहेका छन भने अधिकास विद्यालयहरुमा विद्यालय पुर्वाधारहरु अपुग रहेका छन् भएका संरचनाहरु पनि रुग्ण अवस्थामा रहेका छन् । प्राकृति स्रोतको अभावका कारण कतिपय वस्तीहरुमा खानेपानी तथा सिचाइमा अभावको अवस्था विद्यामान छ सवै वस्ती वडा केन्द्रहरु सडक संजालवाट टाढा रहेका छन् यस्तै अत्याधिक अभाव र आवश्यकताका बीच वाट यस गाउँपालिकाले आर्थिक बर्ष २०७५÷७६ को बजेट तथा कार्यक्रम तय गरेका छो । संघीय सरकार तथा प्रदेश सरकार वाट प्राप्त न्युन अनुदान आफ्नो आन्तरिक आम्दानीको स्रोत अत्यन्त न्युन हुनु राजस्व करका दर दायराहरु फराकिला गर्दा विपन्न गाउँपालिका वासीहरु मारमा पर्ने स्थिति रहुनुले केन्द सरकारकै अनुदानमा भर पर्नु पर्ने परिस्थितिका बावजुद न्युन स्रोतको अधिकतम परिचालन गर्दे बजेट तथा कार्यक्रम तयार गरेको छु ।

आर्थिक बर्ष २०७४÷७५ मा इतिहासमै पहिलो पटक स्थानीय तहको गठन भए संगै ल्याइएको गत आर्थिक बर्षको बजेट तथा कार्यक्रम वाट केही ठुला पूर्वाधारका आयोजनाहरु सम्पन्न गर्न सकिएका छन भने स साना पूर्वाधार प्रबर्दन एवं लक्षित बर्ग शिक्षा, स्वास्थ्य, कृषि ,धार्मिक,सस्कृति, पर्यटन, भौतिक पूर्वाधार, विपन्न, असाहयका क्षेत्रमा न्युन रुपमै भएपनि अपेक्षित नतिजामा सुधार आएको छ । गत आ.व कै बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा जनशक्ति अभावका कारण केही समस्या रहेतापनि गाउँपालिका भवन, ठुला सडक पूर्वाधार, खानेपानी, सिचाई आयोजनाहरु सम्पन्न गर्न सकिएका छन् । कृषि तथा पशुपालन क्षेत्रमा युवा स्वरोजगारका माध्यमवाट कमै भएतापनि आयआर्जनमा बृद्धि भएको छ । उल्लेखित आर्थिक बर्ष २०७४÷७५ को संक्षिप्त लेखाजोखा संगै अव म आ.व २०७५÷७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

पुर्वाधार विकास

सडक ः

- जिल्ला यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा मान्यता प्राप्त पोखरा बेलापुर सडकको स्तर सुधार गर्न गाउँपालिकाको आफनो श्रोत बाट बिग्रे भत्केका संरचनाको मर्मत संभारका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु । रुडुवा बडम सडक, खसरेखान बेलापुर सडक, घुप्ताखान डाडावन सडक, धनकाट कोटेली निन्तोला चोरा सडक, विप्पेकटाल हतास चामा चौड ढुगाड सडकहरुको स्तर उन्नती गर्दै गाउँपालिकाको तल्लो बस्तिहरु एक आपसमा सडक संजालमा जोडन आवश्यक बजेटको ब्यवस्था गरेको छु । उल्लेखित सवै सडकहरुमा वाह्रै महिना सवारी साधन सचालन गर्न र सडक संरचनामा बर्षातका कारण थप क्षति हुन नदिन, स साना मर्मतका कार्यहरु सम्पन्न गर्न स्थानीय मर्मत सम्भार समुह परिचालन गरि सडक सूचारु गर्नका लागि बजेटको ब्यवस्था गरेको छु ।

उपर्युक्त सवै पूर्वाधारहरुको मर्मत सम्भार, स्तरोन्नती, निरन्तरताका लागि कुल सडक पूर्वाधार तर्फ कुल रु २ करोड १० लाख विनियोजन गरेको छु ।

खानेपानी तथा सरसफाइ

- मुल संरक्षणका लागि आवश्यक पर्ने सवै किसिमका कार्यहरु अगाडी बढाउन र सुक्दै गएका मुलहरुमा पानीको पुन आगमनका लागि रिचार्ज पोखरी, बृक्षारोपण,प्राकृतिक शुद्दिकरणका कार्यहरुमा आवश्यक बजेटको ब्यवस्था गरेको छ ।
- पानीका मुहानहरुको संरक्षण संगै निर्माण सम्पन्न खानेपानी आयोजनाहरुको बितरण प्रणालीमा सुधार गर्न मर्मत सम्भार गरि खानेपानी आयोजनालाई ब्यवस्थीत गर्न आवश्क वजेट ब्यवस्था गरेको छ ।

- बर्षायाममा खानेपानी आयोजनामा पर्न सक्ने प्रभाव , इन्टेक बगाउने, पहिरोमा परि पाईप लाईन क्षति हुने ,खानेपानी पाईप बगाउने जस्ता समस्याहरुवाट तत्काल समना गर्न र खानेपानी अभावलाई कम गर्न मर्मत सम्भारकोषको ब्यवस्था गरेको छ ।
- बढ्दो जनसंख्याको चाप र सुक्दै गएका मुलहरुका कारणले खानेपानीमा पर्न गएको असर लाई कम गर्न र मुल अभावका कारणले गर्दा खानेपानी समस्या संग जुध्न डि बोरिगं वाट पानी निकाल्न सम्भाब्यता अध्ययनका लागि बजेट विनीयोजन गरेको छ ।
- उपर्युतm खानेपानी आयोजनाका नया आयोजना पुराना आयोजनाको मर्मत सम्भार र टुववेलका लागी रु ७० लाख बजेट बिनीयोजन गरेको छ ।

भवन निर्माण

- गाउँपालिकाको आफ्नो कार्यालय आवास तथा निर्माण गर्न बजेट ब्यवस्था गरेको छ । गाउँपालिकाका सबै वडा कार्यालयका कार्यालय भवनहरु क्रमशः आफनै लगानीमा निर्माण गर्ने निती अनुरुप यस बर्ष वडा नं १ को भवन निर्माण सम्पन्न गर्न, महिला सेफ हाउस, रेडक्रस भवन,नेपाल वार एसोसियसन भवन,दलित सामुदायिक भवन, विद्यालय भवन निर्माण कार्यका लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- सामुदायिक स्वास्थ्य इकाइर्, स्वास्थ्य संस्था, गाउँघर क्लिनिक भवन, तालिम हल मर्मत गर्न, स्वास्थ्य तर्फ भवन निर्माणमा आवश्यक बजेट बिनियोजन गरेको छ ।
- उल्लेखित सवै भवन निर्माण कार्यका लागि १ करोड ६ लाख ५० हजार बजेट विनियोजन गरेको छ

आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास

- यस नवदुर्गा गाउँपालिका भित्र रहेका घरबार विहिन दलित अतिविपन्न सुकुम्वासी हरुको पहिचान गर्न गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थीत बसोबासको

ब्यबस्था मिलाउन भुमिहिन हरुका लागि जग्गा खरिदमा आवश्यक बजेट ब्यवस्था गरेको छ ।

सिचाई

- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यम का रुपमा विकास गर्न सम्भावित र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राख्न सिचाईका योजनाहरु कार्यान्वयनमा जोड दिएको छ ।
- कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न पानी भकारी आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाउन व्यवसायीक तरकारी खेतीका लागि आवश्यक पर्ने पुर्वाधारजन्य सिचाई आयोजनाका लागि बजेट ब्यवस्था गरेको छ ।।
- थोरै लगानीमा सम्पन्न हुने साना सिचाइ अन्तर्गत प्लाष्टिक पोखरी, पाइप सिचाई जस्ता कार्यक्रमहरु सम्पन्न गर्न साना सिचाइ कार्यक्रम अनुदान लाई निरन्तरता दिएको छ ।
- यसरी साना सिचाई सिचाई पूर्वाधारको मर्मत सुधार अधुरा सिचाइ आयोजनाको पुर्णताका लागि सिचाइ तर्फ कुल ६५ लाख बजेट बिनीयोजन गरेको छ ।

आर्थीक विकास

उद्योग

- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना तथा मझौला उद्योग स्थापना गर्ने नीति अनरुप मौरी पालन उद्यममा  मौरी पालन कृषक समुह गठन, कृषकका लागि तालिम, मैरी घार वितरण, महदानी वितरण मह प्याकेजीगं मौरी चरनका लागि फलफुलका विउँ वितरण जस्ता कार्यक्रमका लागि आवश्यक वजेटको ब्यवस्था गरेको छ ।
- युवाहरुलाई उत्पादन र उद्यम विकास संग जोडन युवा उद्यमी कार्यक्रमका लागि रु ३० लाख वजेट विनीयोजन गरेको छ ।

कृषि

- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा अनुदानमा दिने ब्यवस्था मिलाएको छ ।

- यस गाउँपालिकाका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रबद्र्धन विकासको लागि व्यवसायिक तालिम, प्राविधिक सहयोग विउँ वितरण, विरुवा वितरण, तरकारी खेती, पकेट क्षेत्र पहिचानका लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आबद्ध हुन प्रोत्साहित गर्न साना युवा स्वरोजगार अन्तगत तरकारी खेती, मौरी पालन, विउँ भण्डारण, सामग्रीर वितरण, मुल विउँ संरक्षण, ब्यवसायिक तरकारी खेतीका लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- नमुना कृषि फर्मलाई अनुदानको ब्यवस्था गरि कृषि कार्यमा उल्लेखनीय काम गरिरहेका कृषकहरुलाई नमुना कृषि फर्म मार्फत विशेष अनुदानको ब्यवस्था गरेको छ ।
- उल्लेखित कृषि तर्फका सवै कार्यक्रम सम्पन्न गर्न रु ७४ लाख ७७ हजार बजेट विनियोजन गरेको छ ।

पशुपालन

- उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवद्र्धन गर्न कार्यक्रम संचालन गर्न महामारी रोग नियन्त्रण गर्न, आवश्यक बजेटको ब्यवस्था गरेको छ ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस जै घास लगाउने कार्यका लागि आवश्यक बजेट बिनीयोजन गरेको छ ।
- सुरक्षित मासु प्रसोधन तथा अण्डा उत्पादन तथा वितरणमा जोड दिन अवाश्यक बजेट ब्यवस्था गरेको छ ।
- विभिन्न समयमा पशुहरुमा देखिने सरुवा रोगहरु नियन्त्रण गर्न रोग विरुदका खोपहरु, पशुहरुको औषधी उपचारका लागि बजेट ब्यवस्था गरेको छ ।
- नसल सुधारका लागि उन्नत पशुपालनमा जोड दिदै रागो बोका तथा साडे वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनीयोजन गरेको छ ।
- माछा पालन,कुखुरा पालन,वगुर पालन बाख्रापालन, गाइ पालन भैसी पालनका माध्यमवाट आयआर्जन गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छ ।
- उलःलेखित सवै कार्यका लागी पशु विकास तर्फ कुल जम्मा ७२ लाख ५७ हजार बजेट विनीयोजन गरेको छ ।

पर्यटन

- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको घनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिन  बजेट ब्यवस्था गरेको छु ।
- प्रसिद्ध मष्ठा भगवती क्षेत्रको विकास का लागि नवदुर्गा मन्दिरमा रहेका साना खुडकिलाहरु हटाई परम्परागत गाज नचाउने जात्रा लाई सहज गर्न बाटोको ब्यवस्था, प्रशिद्ध त्रिबेणी धाममा अवस्थित गहनान क्षेत्र लगायतका क्षेत्रहरुको विशेष संरक्षण लागी बजेट ब्यवस्था गरेको छु ।
- यस गाउँपालिकामा रहेका रमणीय दृश्यहरुको अवलोकनका लागि भिउ टावर निर्माण कार्यको थालनी गर्न  आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- यस क्षेत्रकै पम्परागत सिपमा आधारित ब्यवसाय मुलक र प्रविधिको शुरुवातमा महत्वपुर्ण योगदान रारव्ने प्राचिन सम्पतीहरु कोलु,,घटट्, जितरा,दलनी,मनानी, ओखल, मुसल, ढिक्की, चर्खा, उईटा, कात्या, जस्ता परम्परागत सामाग्रीहरुको संकलन गरि संग्राहलयमा संग्रहीत गर्न संग्राहलयका लागि बजेट ब्यवस्था गरेको छु ।
- माथि उल्लेखित कार्यका लागि रु  ५ लाख बजेट  बिनीयोजन गरेको छु ।

सामाजिक विकास

स्वास्थ्य

- निशुल्क प्राथमिक स्वास्थ्य सेवा पाउनु जनताको मौलिक अधिकार हो भन्ने कुरामा केन्द्रित रहदै गाउँपालिका भित्र एउटा १५ शैयाको अस्पतालको रुपमा स्थापना गर्न आवश्यक कार्यको थालनी नितीगत ब्यबस्था गरिनेछ ।
- यस गाउँपालिकाका गाउँघर क्लिनिक र खोप क्लिनिकको स्तरोन्नती गरि  आधारभुत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न  आवश्यक पुर्वाधार विकास तथा व्यवस्थापनमा विषेश जोड दिने उद्देश्यका साथ सामुदायीक स्वास्थ्य इकाइको भवन निर्माण गाउँघर क्लिनिक भवन निर्माणका लागी बजेट ब्यबस्था गरेको छु ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न (आङ खस्ने) सम्वन्धी  स्क्रिनिङ स्वास्थ्य शिविर विभिन्न वार्ड तथा वस्तीहरुमा स्वास्थ्य सेवाको पहुँचवाट आशिकं रुपमा बञ्चित रहेका बृद्ध बृद्धा, असाहय, एकल महिला, अपाङ्कं, अति विपन्न परिवारका सदस्य, अति गरिव दलित, टुहुरा वालवालिकाको वडा स्तरमा विभिन्न समयमा स्वास्थ्य

जाँच गर्नका लागि जेष्ठ नागरिकको आँखा उपचार तथा मोती बिन्दुको अपरेसन शिवीरहरु संचालन गर्न आवस्यक बजेट ब्यवस्था गरेको छ ।

- आगामी ३ बर्ष भित्र घरमा हुने सुत्केरीलाइ शुन्यमा झार्न ्रब्रथिगं सेन्टरको स्तरोन्नती गरी  नमुना ब्रथिगं सेन्टरको थालनी र स्वास्थ्य संस्थामा २४ औ घण्टा स्वस्थ्य कर्मि बस्ने ब्यबस्था मिलाउन दक्ष अनमी को ब्यबस्थाका लागि उचित बजेटको ब्यबस्था गरेको छ ।
- जेष्ठ नागरिक, अपांगहरुको सामान्य स्वास्थ्य जाँच तथा उपचार, सुनौलाहजार दिनका आमाहरुलाइ गर्भ जाँच, सुरक्षित प्रसुति सेवा,सुत्केरी जाँच,पोषण सम्वन्धी स्वास्थ्य शिक्षा तथा परार्मश दिन जनता केन्द्रित स्वास्थ्य सेवा कार्यक्रम कार्यान्वयन (घर घरमा स्वास्थ्य सेवा) लाइ प्रभावकारी कार्यान्वयनमा ल्याउन बजेट ब्यबस्था गरेको छ ।
- पुर्ण खोपयुक्त गाउँपालिका लाई कायम राख्न तथा खोपको कभरेज बढाउनका लागि बजेट ब्यबस्था गरेको छ ।
- यस गाउँपालिकाका कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि विभिन्न संघसस्थाहरु संग  समन्वय तथा सहर्कायमा गरि पोषण सुधार कार्यक्रम अवलम्वन गर्न वहुक्षेत्रिय पोषण कार्यक्रम संगको साझेदारीमा पोषणका कार्यक्रममा साझेदारीमा बजेटको ब्यवस्था गरेको छ ।  ।
- धुम्रपान मध्यपान सुर्ती जन्य पदार्थ र यसले स्वास्थ्यमा पार्ने असर तथा मधुमेह, उच्च रक्तचाप, मुटु मृगौला रोग (नसर्ने रोगहरु) सम्वन्धी स्वास्थ्य शिक्षा तथा परार्मश कार्यक्रम लागु गरिनेछ ।
- यस गाउपालिका भित्रका सवै वार्डहरुमा रहेका गर्भवती तथा प्रसुती जटिलता आकस्मिक कोष को एकिन गरि समयमै उपचार पाउन सक्ने र खर्च अभावकै कारण आइ पर्ने कठिनाइको समाधानका लागि उचित कोषको ब्यवस्था गरिएको छ  ।
- प्राकृति तथा आयुर्बेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र योग ध्यान र प्रणायमका माध्यमवाट योग अभ्यास संचालन गर्न आवस्यक बजेट ब्यवस्था गरेको छ ।
- एक वडा एक स्वास्थ्य कर्मि कार्यक्रमलाई निरन्तरता दिइ जेष्ठ नागरिकलाई घरैमा उपचार दिइने सेवालाई अझ प्रभावकारी रुपमा  अगाडी बढाउन जोड दिएको छ  ।
- सुनौला १००० दिनका महिला तथा बालबालिकाका लागि पोषणयुक्त खानाको प्रर्दशनी तथा स्वास्थय शिक्षा कार्यक्रम संचालनगर्न प्रत्येक वार्डमा ५ वटा केन्द्र तोकी प्रत्येक तेस्रो महिनामा संचालन हुने गरि पोषण चौतारीकार्यक्रम संचालनलाई निरन्तरता दिएको छ ।

- माथि उल्लेखित कार्यक्रम सम्पन्न गर्नका लागि २ करोड ७६ लाख ५६ हजार बजेट बिनियोजन गरेको छु ।

शिक्षा

- शिक्षालाई गुणस्तरीय ,प्रबिधी मैत्री बनाउन विद्यालयहरुमा  मेसिनरी तथा उपकरण ल्याप टप ई हाजीरी प्रोजेक्टर खरिदका लागि ब्यवस्था मिलाएको छु ।
- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि हुने गरी प्रविधि र सुबिधायुक्त बानाउन प्रत्येक वार्डमा १÷१ वटा बिद्यालयलाइ नमुना बिद्यालयको रुपमा छनोट भएका स्कुलहरुमा अंग्रेजी ,कम्प्युटर र बोल्ने अक्षर शिक्षा लागु गरि समग्र गुणस्तर अभिबृद्धिका लागि  नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- विद्यालय पुर्वाधार वाहय वातावरण सुधारका लागि बजेट ब्यवस्था गरि स साना पूर्वाधार मर्मत सुधारका लागि  र विपदमा परि क्षति ग्रस्त विद्यालयका भौतिक संरचानहरुको मर्मत सम्भारका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

- विद्यालयमा रहेका अधुरा भवनको निर्माण कार्यलाई पुर्णता दिन आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- उपर्युक्त सवै कार्यका लागि रु  ८ करोड ६२ लाख ३२ हजार बजेट ब्यवस्था गरिएको छ ।

सरसफाई तथा स्वच्छता

- सबै वडाहरुलाई यसै बर्ष देखि क्रमसः पुर्ण सरसफाई युक्त वडाहरु घोषणाका लागि प्रारुप तयार गर्दै वातारण मैत्री वडा,पुर्ण सरसफाइ युक्त वडा,सफा बस्ती,कार्यक्रमहरु अवलम्वन गर्दै सफाघर प्रमाण पत्र प्रदान गरि स्वच्छता प्रबर्दनमा जोड दिन १ वडालाई यसै बर्ष पुर्ण सरसफाइका लागि नमुना वडा तयारीका लागि बजेट ब्यवस्था गरेको छु  ।
- वढदै गएको प्रदुषण नियन्त्रणका लागि  फोहर ब्यवस्थापन गर्न र वातावरणीय असर लाई न्युन गर्न उर्जा क्षेत्रमा लागनीका लागि बजेट ब्यवस्था गरेको छु ।

महिला तथा लैगिंक समावेशीकरण

- सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि  योजना बनाई कार्यान्वयन गर्न, एकल महिलाहरुका लागि आयआर्जन विषेश कार्यक्रमको ब्यवस्था गरेको छु ।
- लैङ्गिक हिंसा, घरेलु हिसां  मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरु संचालन गर्न बजेट बिनियोजन गरेको छु ।
- लैङ्गीक हिंशा न्युनिकरण का लागि बिषेश कार्यक्रम अवलम्बन गर्दै यसै बर्ष देखि लैङ्गिक हिंसा मुक्त नमुना वडा कार्यक्रम  १ वटा बाट संचालन गर्न बजेट ब्यवस्था गरेको छु ।
- महिलाहरुको शैक्षिक स्तर उकास्न खुल्ला शिक्षा, किसोरीहरुका लागि विशेष कार्यक्रम, छाउपडी लगायत लक्षित कार्यक्रमहरु संचालनमा जोड दिएको छु ।
- उपर्युक्त कार्यहरुका लागि रु  १० लाख बजेट बिनीयोजन गरेको छु ।

दलित तथा सिमान्तकृत बर्ग

- दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि कार्यक्रम बनाई लागु गर्न परंपरागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम,जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न हरेक वडामा  दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिनका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- बिपन्न दलितका छात्र छात्रा हरुलाई प्राबिधिक शिक्षाको सुनिश्चीतता गर्न दलित छात्रबृत्ती कार्यक्रम लाई निरन्तरता दिदै निजामती सेवामा ल्याउन निशुल्क लोकसेवा तयारी कक्षा संचालनका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।।
- उल्लेखित दलित तथा सिमान्तकृत बर्ग लाई विकासको मुलप्रवाहीकरणमा समाहित गर्न र दलित शसक्तिकरणका लागि रु  १० लाख बजेट बिनीयोजन गरेको छु ।

युवा तथा खेलकुद

- बढदै गएको युवा वेरोजगारी लाई केही हदसम्म न्युन गर्नका लागि युवा स्वरोजगार कोषको ब्यवस्था गरि अनुदान उपलब्ध गराउन र कृषि तथा पशुपालनमा युवाहरुलाई आकर्षित गर्न बजेट ब्यवस्था गरेको छु ।
- खेलकुदका माध्यमवाट खेलकुद पर्यटनमा प्रबर्दन गर्न रगंशाला निर्माण तथा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम संचालन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।

- युवा स्वरोजगारलाई अझ बढी प्रभावकारी बनाउन र युवाहरुले उत्पादन गरेको कृषि तथा पशु उपज लाई बजारीकरण गरि युवा उद्यमशिलतालाई प्रोत्साहान गर्न आवश्यक बजेट विनीयोजन गरेको छ ।
- उपर्युक्त सवै क्रियाकलापहरु संचालन गर्न युवा तथा खेलकुद कार्यक्रम तर्फ  रु ३८ लाख बजेट बिनीयोजन गरेको छ ।

बालवालिका

- वालवालिकाको सर्वाङ्कगिण विकासका लागि बाल मैत्री अभियान संचालन गर्न  सवै विद्यालयहरुमा वालवालिकाहरु लाई सुरक्षित महसुस गर्ने नीति अनरुप वालावालिकालाई दिवा खाजा उपलब्ध गराउन र वालवालिकाहरुको विद्यालय शिक्षामा अनिवार्य पहुँच सुनिश्ति गर्न आवश्यक बजेट ब्यवस्था गरेको छ  ।
- वालविकास केन्द्रहरुमा ४ बर्ष सम्मका बच्चाहरुलाई आउने सुनिश्चितताका लागि समुदाय स्तरमै वालविकासकेन्द्र संचालनका लागि आवश्यक ब्यवस्था गरेको छ ।
- सवै वडाहरुमा वालमैत्री सूचकहरु अवलम्वन गर्ने सुनिश्चितता गर्दै १ वडालाई वालमैत्री वडा घोषणाका लागि प्राररुप तयार गर्न आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- उल्लेखित वालवालिका लक्षित कार्यक्रम सम्पन्न गर्न रु  ३ लाख बजेट विनीयोजन गरेको छ ।

बृद्ध÷वृद्धा जेष्ठ नागरिक

- बहिस्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यक्रम, हातहातमा समाजिक सुरक्षा भत्ता कार्यक्रम ,स्वास्थ्य चेकजाँचका लागि आखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरु संचालन गर्न  बजेट ब्यवस्था गरेको छ ।
- जेक्ष्ठ नागरिकहरुलाई सम्मानका साथ जीवन यापन गर्न र उनीहरुका परिवारजनले पालन पोषण तथा औषधी उपाचारलाई बोझको रुपमा लिइरहेकामा स्थानीय स्तरमै सवै वडाहरुमा सवै किसिमको स्वास्थ्य सेवा प्रदान गर्न  स्वास्थ्य शिविर सहित जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै र घरदैलोमै  सामाजिक सुरक्षा  भता  पाउने सुनिश्चितका लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- उल्लेखित सवै कार्यक्रमका लागि रु  १५ लाख बजेट विनीयोजन गरेको छ ।

अपांगता

- सार्वजनिक स्थान, कार्यालय र विद्यालयहरुमा अनिवार्य रुपमा अपांगता मैत्री संरचना निर्माण गरि यस्ता कार्यालयहरुको शौचालय तथा भौतिक संरचना हरु  अपाङ्ग मैत्री बनाउने कार्यमा जोड दिदै पुर्वाधार संरचनामा अपागं मैत्री मुलप्रबाहीकरण का लागि पुर्वाधार संरचनामै आवश्यक पर्ने बजेटको ब्यवस्था गरेको छु ।
- अपाङ्गता पहिचान, वर्गिकरण तथा सुविधा र सहयोगको लागि अपागंहरुले पाउने बृतिलाई सम्वन्धीत कै हातमा पुग्ने ब्यवस्था मिलाएको छु ।
- अपाङ्गहरुको तथ्यांक संकलन परिचयपत्र प्रदान  तथा उनीहरुको मागमा आधारित आवश्यकता परिपुर्ति गर्न र उद्यमशिलता विकास गर्न उचित बजेटको ब्यवस्था गरेको छु ।
- उपर्युक्त अपागंता भएका ब्यक्तिहरुको शसक्तिकरणका लागि २ लाख बजेट विनीयोजन गरेको छु ।

उर्जा जलविद्युत

- पर्यटकिय महत्व बोकेका मठ मन्दिरहरुमा र सार्बजनिक स्थान तथा स्थानिय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरि गाउँपालिका उज्यालो कार्यक्रम लाइ निरन्तरता दिएको छु ।
- धुवा रहित चुलो बायो ग्यास प्रबर्वन गर्न आवश्यक बजेट ब्यवस्था गरिएको छ ।
- उपर्युक्त कार्यका लागि रु  १५ लाख बजेट बिनीयोजन गरेको छु  ।

सार्बजनिक निजी साझेदारी कार्यक्रम

- भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गर्न सम्पुरक कोषको ब्यवस्था मिलाएको छु ।
- ग्रामिण जलस्रोत ब्यवस्थापन परियोजना संगको साझेदारीमा खानेपानी आयोजनाहरु सम्पन्न गर्न, प्रदेश सरकार तथा संघीय सरकारको साझेदारीमा सडक, भवन, पुल, सिचाई का आयोजनाहरुमा साझेदारी गर्न आवश्यक बजेट बिनीयोजन गरिएको छु ।

- बैकं वितिय संस्था तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्न र सहकारी संस्था मार्फत कृषि पशुपालन तथा आर्थिक आर्यआर्जनका क्रियाकलाप संचालन गर्नका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- सेसी सहकारी परियोजना संगको साझेदारीमा संचालन हुने सूचना प्रविधि केन्द्रमा साझेदारी रकमको ब्यवस्था गरेको छु ।
- उल्लेखित सवै साझेदारीका सवै कार्यक्रम सम्पन्न गर्न ५६ लाख बजेट बिनीयोजन गरेको छु ।

राहत तथा सहयोग कोष

- लैङिक हिंसा , अति विपन्न विपद प्रभावित पीडितहरु तथा स्वास्थ्य उपचारको अभावमा उपचार नपाएका ब्यक्तिहरुलाई राहत प्रदान गर्न गाउँपालिका अध्यक्ष राहतकोषको ब्यवस्था गरेको छु ।
- न्यायमा पहुच नपुगेका अति विपन्न पीडित परिवारजन तथा ब्यक्तिहरुलाई अन्याय तथा उत्पीडन वाट राहत उपलब्ध गराउन गाउँपालिकामा गठित न्याय समिति मार्फत न्यायिक सुविधा प्रदान गर्नका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- माथि उल्लेखित कार्यका लागि १० लाख ९० हजार बजेट बिनीयोजन ब्यवस्था गरेको छु ।

भु उपयोग

- बसाई सराई रोजगारी तथा ब्यवसाय उन्मुख भएका कारण जग्गा बाझे रहने एवं अर्को तिर अतिविपन्न भुमिहीनहरुले आफनो स्वामित्वमा जग्गा नरहेको महसुस गरी रहेको विद्यामान अवस्थामा उद्यम विकास तथा स्वरोजगारका माध्यमवाट मागमा आधारित कृषि तथा पशु ब्यवसाय संचालनका लागि वाहलमा जग्गा लिई उद्यम गर्न सक्ने ब्यवस्था मिलाएको छु ।
- सुक्मवासी भुमिहिन तथा अति विपन्न परिवारहरुका लागि जग्गा खरिद गरि भुमिमा स्वामित्व कायम गर्न आवश्यक बजेट ब्यवस्था गरी  सुकुम्वासी पुर्न स्थापना कार्यक्रमलाई निरन्तरता दिएको छु ।

वन वातावरण जैविक विविधता तथा विपद व्यवस्थापन

- गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरु का किनारामा वृक्षारोपण गरि हरित सडक निमार्ण गर्दै वन वातावरण जोगाउने कार्यक्रम अघि वढाउन स्थानीय सडक मर्मत सम्भार समुह मार्फत बृक्षारोपणका कार्यक्रम संचालनका लागि बजेट ब्यवस्था गरेको छु ।
- छाडा चरिचरनलाई नियन्त्रण गर्दे हरेक वडाहरुमा  बृक्षारोपण तथा पानीका मुहान संरक्षण का लागि बृक्षारोपण कार्यक्रमका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- गाउँपालिकाका सवै वडाहरुमा स्थायी रुपमा वन नर्सरी स्थापना गरि वनजंगल सामुदायिक बन कवुलियति वन सरकारी प्रति बाझो जग्गा निजी आवादी बाझो जग्गामा फलफुलका विरुवा एवं काष्ठ तथा गैर काष्ठ बनपदैवारका लागि बृक्षारोपणको ब्यवस्थाका लागि बजेट ब्यवस्था गरेको छु

- वन संरक्षण, व्यवस्थापन, दीगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्न र वनक्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न रणनीति  कार्ययोजना निर्माणका लागि बजेट ब्यवस्था गरेको छु
- वातावरणमैत्री वडा निर्माण अभियान संचालन गर्न अभियानात्मक कार्यक्रमको ब्यवस्था मिलाएको छु ।
- विपद् व्यवस्थापनको लागि विद्यमान संस्थागत संरचनाहरुलाई खोज, उद्धार तथा राहत(प्रतिकार्य) कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा गर्ने कार्यक्रममा जोड दिन तथा विपद जोखिम लाई मुल प्रबाहीकरण गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- विपद् व्यवस्थापनको पूर्वतयारी, तथा प्रतिकार्य योजना बनाइ लागु गर्न  बाध्यात्मक रुपमा वसोवास गरीरहेका जोखिम युक्त वस्तीहरुलाई आवश्यकता अनुसार पहिचान र स्थानान्तरणका लागी तत्काल प्रभावितलाई राहत उद्धार र प्रतिकार्यात्मक कार्य तथा ब्यवस्थापन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- उल्लेखित सवै कार्यक्रम संचालन गर्न रु १३ लाख बजेट बिनीयोजन गरेको छु ।

सुचना र संचार

- सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्नका लागि आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- सूशासन परियोजनाको सहयोगमा स्व साशन प्रवद्र्धनका लागि इल ष्लिभ कथकतझ, सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका र अन्तगतका वडा कार्यालयहरुमा टेलिफोन, इमेल, ईन्टरनेटको व्यवस्था मिलाउन इ हाजीरी समेत संचालनमा ल्याउन रु १३ लाख बजेट बिनीयोजन गरेको छ ।

सुशासन सेवा प्रवाह र जनशक्ती विकास

- जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति जवाफदेहि हुन र गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट Networking गर्दै E-Governance सेवा प्रारम्भ गर्न आवश्यक बजेट ब्यवस्था गरेको छ ।
- भविष्यमा राष्ट सेवक कर्मचारीहरु सेवा वाट अलग हुदा समाजिक सुरक्षाको प्रत्याभुति अनुभूति गर्न कल्याणकोषको ब्यवस्था गरि सेवा शर्तहरुको सुरक्षा र उच्चमनोवलका साथ काम गर्ने बातावरण सिर्जना गर्न बजेट ब्यवस्था गरेको छ ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट सेवकलाई प्रोत्साहन गर्ने र अनुचित कार्यका लागि निषेध नीति अनरुप दण्डित गर्ने ब्यवस्था मिलाएको छ ।
- विकेन्द्रीकरणका माध्यमवाट आफ्नो योजना तथा कार्यक्रम आफै बनाई संचालन गर्न सक्ने गरि वडा कार्यालयहरुलाई अधिकार सम्पन्न बनाउने नीति अनरुप प्रत्येक वडालाई छुटै अनुदानको ब्यवस्था मिलाएको छ ।
- उपर्युृक्त सवै कार्यका लागि २ करोड १ लाख ६२ हजार ब्यवस्था गरेको छ ।

माथि उल्लेखित सवै कार्यक्रम तथा बजेटहरुको स्रोत अनुमानका लागि केन्द्रीय सरकार अनुदान, प्रदेश सरकार अनुदान, गाउँपालिकाको आन्तरिक राजस्व तथा अन्य आफ्नै मुख्य स्रोतको रुपमा रहेको विदित गराउदै अव म सम्पुर्ण बजेट खर्च हुने स्रोतको अनुमान तपसिल बमोजिम बजेट रहेको अवगत गराउन चाहान्छु ।

धन्यवाद ।।।